मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २०९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन २५ गते आइतबार ❑ 10 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## विधिपूर्वक मनाइयो ऋषितर्पणी, रक्षाबन्धन र जनैपूर्णिमा पर्व

**रासस**
काठमाडौं, २४ साउन

प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिनमा मनाइने ऋषितर्पणी, रक्षाबन्धन एवम् जनैपूर्णिमा पर्व शनिबार स्नान गरी नयाँ यज्ञोपवित (जनै) धारणसहित डोरो बाँधेर मनाइएको छ।

श्रावण महिनामा गरिने स्नान भएकाले यस पर्वलाई श्रावणी स्नान पनि भनिन्छ । सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी 'जेले गर्दा अत्यन्त बलशाली दानवराज बलि बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित वन, विचलित नहोऊ' भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा यो पर्व मनाउन सुरु गरिएको हो ।

यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतमले राससलाई जानकारी दिनुभयो । मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको नाडीमा बाँधिदिएर यो पर्व मनाइएको छ। स्नानपछि जौ, तिल र कुशद्वारा ऋषिहरूलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवित) फेरिएको छ । आजको दिन सप्तऋषिहरू काश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वामित्रलाई तर्पण दिने गरिन्छ । ऋषिलाई तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो । आजै मन्त्रिएको जनै फेर्ने गरिएकाले श्रावण शुक्ल पूर्णिमालाई जनैपूर्णिमा पनि भनिएको गौतमले बताउनुभयो। वैदिक गुरु परम्पराअनुसार यज्ञोपवित अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोका रूपमा मानिन्छ। जनैका दुई शिखामध्ये एउटा शिखामा रहने तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वरको प्रतीकका रूपमा पुजिन्छ। अर्को डोराको तीनवटा शिखालाई भने कर्म, उपासना र ज्ञानको त्रियोगका रूपमा लिइन्छ। आजका दिन ११ थरीका गेडागुडी मिसाई भिजाएर टुँसा उमारी क्वाँटी बनाएर खाने गरिन्छ । यसरी क्वाँटी बनाई खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि तापको सञ्चार गर्छ भन्ने धार्मिक मान्यता छ । नेपालको तराई क्षेत्रमा भने आजकै दिन दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर यो पर्व मनाइएको छ । यसबाट दिदीबहिनी र दाजुभाइका बीचमा प्रेमसम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ । राखी बाँध्ने परम्परा अहिले काठमाडौँ उपत्यका र पहाडी जिल्लामा पनि सुरु भएको छ।

यस अवसरमा ब्रह्मकुमारी राजयोग सेवा केन्द्र ठमेलमा आज राखी बाँध्ने विशेष कार्यक्रम आयोजना गरिएको ब्रह्मकुमार रामसिंह ऐरले राससलाई जानकारी दिनुभयो । केन्द्रले प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका अवसरमा राखी बाँध्ने विशेष कार्यक्रमको आयोजना गर्दै आएको छ । कार्यक्रममा पूर्वमन्त्री, पूर्वसांसदलगायत समाजका विभिन्न क्षेत्रका महानुभावको सहभागिता रहेको उहाँले बताउनुभयो। यस अवसरमा आज काठमाडौँको पशुपति, गोकर्णेश्वर, डोलेश्वर, सन्तानेश्वरलगायत शिवालय, उपत्यकाको उत्तर पूर्वी भेगस्थित मणिचुड, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, धनुषाको जनकपुरधाम, धनुषसागर र गङ्गासागर, जुम्लाको दानसाधु एवम् नवलपरासीको त्रिवेणीधामलगायत ताल, पोखरी र कुण्डहरूमा मेला लागेको छ।

### मनाइयो गुन्हु पुन्ही

नेवारी समुदायले श्रावण शुक्ल पूर्णिमालाई गुन्हु पुन्हीका रूपमा मनाएका छन् । विशेषगरी क्वाँटी खाने परम्परा नेवारी समुदायको यसै पर्वबाट आएको हो भन्ने तर्क पनि एकथरी संस्कृतिविद्को छ । आजका दिन नेवारी समुदायका मानिसले घण्टाकर्ण राक्षसलाई समाप्त पार्न योगदान गरी मानवीयतालाई बचाउन सहयोग गरेको विश्वासमा भ्यागुतालाई पूजा गर्ने परम्परा रहिआएको छ।

बौद्ध दर्शनलाई अँगाल्ने बौद्ध धर्मावलम्बीले भने आजको दिनलाई भगवान् गौतम बुद्धले कामशक्तिमाथि विजय प्राप्त गरेको सम्झनाको दिनका रूपमा मनाउने गर्दछन् । बौद्ध धर्मग्रन्थ ललितबिस्तरमा यससम्बन्धी विस्तृत व्याख्या गरिएको छ । यसैकारण आज स्वयम्भूमा पनि विशेष मेला लागेको छ।



ब्रह्ममकुमारी पुनम दिदी-राखी बन्धन लगाउँदै :
पोखरा महानगरपालिका-६ जरेवरमा अवस्थित ब्राह्ममकुमारी इश्वरीय विश्वविद्यालय शाखामा शनिबार आयोजना गरेको जनै पूर्णिमाका अवसरमा रक्षा बन्धन (राखी) लगाउँदै शाखाकी सञ्चालिका राजयोगिनी ब्रह्ममकुमारी पुनम दिदी। तस्बिरः राधिका कँडेल/रासस

## कांग्रेस-एमालेबीच प्रदेश सरकारलाई थप प्रभावकारी बनाउने सहमति

**रासस**
काठमाडौं, २४ साउन

कर्णाली प्रदेश सरकारमा सत्ता साझेदार नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रेसबीच वर्तमान सरकारलाई थप बलियो र प्रभावकारी बनाउने सहमति भएको छ।

दुई दल सम्मिलित प्रदेशस्तरीय संयन्त्रको शनिबार सम्पन्न बैठकले सरकार सञ्चालन, बजेट कार्यान्वयन र प्रदेश सरकारअन्तर्गत खाली रहेका विभिन्न नियुक्तिका सन्दर्भमा छलफल गरी गठबन्धनको मर्मअनुरुप अघि बढ्ने निष्कर्ष निकालेको एमालेका प्रदेश अध्यक्ष गुलाबजङ्ग शाहले जानकारी दिनुभयो। उहाँले एक वर्षमा सरकारले गरेका कामकारबाहीको समीक्षासँगै सरकारलाई थप प्रभावकारी बनाउने विषयमा साझा धारणा तय भएको बताउनुभयो । कांग्रेस-एमालेबीच सत्ता साझेदारीमा खटपट भएको भनी गरिएको प्रचारमा सत्यता नरहेको भन्दै अध्यक्ष शाहले दुई दलबीच सरकारलाई थप प्रभावकारी बनाएर लैजाने सहमति भएको बताउनुभयो । "सत्ता गठबन्धनमा खटपट भएको भनेर खरब आइरहेका छन्, ती सत्य होइनन् । शनिबारको बैठकले सबै कुराको समीक्षा गर्दै सरकारका काम थप प्रभावकारी बनाउने, खाली रहेका निकायमा तत्काल नियुक्त गर्नेलगायत विषयमा साझा धारणा तय गरेको छ", उहाँले भन्नुभयो।

बैठकमा मुख्यमन्त्री यामलाल कँडेल, कांग्रेस कर्णाली प्रदेश सभापति ललितजङ्ग शाही, कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाही, एमाले कर्णाली प्रदेश इन्चार्ज गोरख बोगटी र अध्यक्ष शाहलगायत सहभागी हुनुहुन्थ्यो।

## पोउवा संघमा बंगलादेशी राजदूत

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन

नेपालका बंगलादेशका राजदूत मोहम्मद सापिकुर रहमानले उपभोगले हैन,औद्योगिकीकरणले मात्र देशको अर्थतन्त्र माथि जाने बताएका छन्।

उनले त्यसको लागि नेपालसहित कम विकसित राष्ट्रहरुले आफ्नो उत्पादन र त्यसको ब्राण्डिङमा ध्यान दिनुपर्ने पनि बताए । पोखरा उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डलसँग शनिबार भएको भेटघाट तथा अन्तर्क्रिया कार्यक्रममा बोल्दै उनले भने,' अहिलेको विश्व प्रविधि,भूगोल वा व्यापारले जोडिएको छ । व्यवसायको धर्म र रङ हुँदैन तर व्यवसाय गर्नको लागि उत्पादन चाहिँ हुनैपर्छ ।' उनले नेपाल र बंगलादेशबीच कृषि,प्रविधि हस्तान्तरण,आयुर्वेदिक उत्पादन तथा औषधिको क्षेत्रमा सहकार्यको ठूलो सम्भावना रहेको पनि बताए । 'हामी नेपालसँग अझै बढी बिजुली लिन सक्छौँ, हामीलाई त्यसको आवश्यकता छ। व्यापार बढ्दा बंगलादेशको पैसा नेपाल आउन सजिलो छ तर हामीले यसको लागि अझै धेरै गर्न बाँकी छ। बंगलादेशको औषधि उद्योग नेपाल आउन खोज्दा सहज भएन ।' उनले फूलबारी-बंगलाबन्द मार्गको सहज संचालनबाट दुवै देशले धेरैभन्दा धेरै लाभ लिन सक्ने धारणा पनि राखे । व्यापारलाई




भू-राजनीतिक मामिलाबाट टाढा राख्नुपर्ने उनको भनाइ थियो । 'काँकरभित्ता-फूलबारी-बंगालाबन्द व्यापारिक मार्ग संचालन हुनु असाध्यै राम्रो हो तर हामीले यहाँ धेरै गर्नुछ। क्रस बोर्डर भौतिक पूर्वाधार निर्माण तथा भन्सार शुल्कलगायतका विषयमा सुधार हुनुपर्छ,'उनले भने । उनको संकेत नेपाल र बंगलादेशबीच पर्ने भारतीय भूमिमा रहेको राजमार्गप्रति रहेको थियो। नेपाल र बंगलादेशबीचको पर्यटन प्रवर्द्धनको लागि पोखरा-बंगलादेश सिधा उडान हुनुपर्ने पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीको भनाइको जवाफ दिँदै राजदूत रहमानले बंगलादेशका हवाइ कम्पनीहरु पोखराबाट उडान भर्न तयार रहेको र त्यसको लागि प्रक्रिया सुरु भएको जानकारी दिए । उनले पोखराजस्तो पर्यटकीय सहरमा 'हलाल फुड'को माग हुनसक्ने बताउँदै त्यसका लागि बंगलादेशले सघाउन सक्ने बताए । एलोभेरा,नेपाली पस्मिनाको बंगलादेश राम्रो बजार हुने पनि उनको धारणा थियो । बंगलादेशका राजदूतलाई स्वागत गर्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले यसअघि भएको बंगालादेशका राष्ट्रपति मोहम्मद अब्दुल हमिमको पोखरा भ्रमणले बंगलादेशमा नेपालबारे प्रचार भएको र त्यहाँबाट आउने पर्यटक संख्या बढेकोमा बंगलादेश सरकारलाई धन्यवाद ज्ञापन गरे । 'अहिले नेपाल भ्रमण गर्ने बंगलादेशी पर्यटक बढेका छन् । नेपाल सरकारले बंगलादेशको मुद्रालाई पनि परिवर्त्य मुद्राको रुपमा ग्रहण गर्दै त्यहाँका पर्यटक भित्र्याउने पहल थालेको छ,'अध्यक्ष कार्कीले भने,' यस्तो अवस्थामा नेपाल र खासगरी पोखरामा धेरैभन्दा धेरै बंगलादेशी पर्यटक आऊन् भन्ने हाम्रो चाहना छ । पोखराबाट सोझै ढाका उडान हुन सके दुई देशबीचको पर्यटन उद्योग र व्यापारलाई अझ फाइदा हुन्यो भन्ने हामीलाई लागेको छ ।'अध्यक्ष कार्कीले नेपालमा उत्पादित चिया,अदुवा अलैंचीलगायतका कृषिजन्य बस्तुको निर्यात बढाउन पनि बंगलादेशले सहजीकरण गरिदियोस् भन्ने आग्रह गरे । अध्यक्ष कार्कीले बंगलादेशमा रहेका नेपाली विद्यार्थीहरुको फूलबारी-बंगलाबन्धु मार्गबाट सहज आवत जावतको प्रबन्धमा नेपाल र बंगलादेशबीच सहकार्य हुनुपर्ने धारणा पनि राखे ।

सन् २०२६ मा नेपाल र बंगलादेश दुवै अति कम विकसित देशबाट विकासोन्मुख देशमा स्तरोन्नति हुँदै गरेको प्रसंग झिक्दै उनले भने,' विकासशील देश हुँदाको चुनौती सामना गर्न हामीबीच व्यापारको क्षेत्रमा सहकार्य हुनुपर्छ भन्ने हाम्रो धारणा रहेको छ ।'

पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष विश्वशंकर पालिखेले नेपाल र बंगलादेशबीच सोझो हवाइ सम्बन्ध स्थापित हुँदा व्यवसाय स्वतः बढ्ने धारणा राखे । छलफल कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष पवनकुमार प्रजापति,संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्य,उद्योगतर्फका उपाध्यक्ष दीनेशचन्द्र बास्तोला, वाणिज्य उपाध्यक्षबलरामआचार्य,महासचिव शोभा गौतम, कोषाध्यक्ष मनोजकुमार श्रेष्ठ र उपमहासचिव सुदीप प्रधानाङ्गको उपस्थिति रहेको थियो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विपन्नलाई घर बनाउँदै म्याग्दे गाउँपालिका

**रासस**
दमौली, २४ साउन

यहाँको म्याग्दे गाउँपालिकाले चालु आर्थिक वर्षमा पनि विपन्नलाई घर निर्माण गर्ने भएको छ।

गाउँपालिकाले चालु आव २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम तथा नेपाल सरकारको विशेष अनुदान योजनाअन्तर्गत अधिकतम १२ जना आर्थिक रूपमा विपन्न नागरिकलाई घर बनाएर हस्तान्तरण गर्न लागेको हो।

नमुना आवास कार्यक्रमअन्तर्गत अधिकतम १२ वटा घर निर्माण गर्ने निर्णय अनुसार गाउँपालिकाका वडा नम्बर १ देखि वडा ७ मा रहेका लक्षित गाउँपालिकाको आर्थिक विपन्न वर्गलाई नमूना आवास कार्यक्रम कार्यविधि (२०८० को दफा (३) अनुरूप मापदण्ड तथा सूचीभित्र पर्ने स्थानीय नागरिकलाई घर बनाएर हस्तान्तरण गरिने गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो।

निवेदनसँग जग्गाधनी प्रमाणपुर्जा प्रतिलिपि, नागरिकताको प्रतिलिपि तथा सम्बन्धित वडाको आर्थिक विपन्न परिवार भएको सिफारिस संलग्न गर्नुपर्ने अधिकारीले बताउनुभयो। नयाँ आवास पाउने नागरिकको मापदण्डभित्र सामान्य प्रकृतिका श्रम (दैनिक जीविकोपार्जन गर्ने तथा कृषिमा आधारित) बाहेक परिवार सदस्यमा कोही स्थायी रोजगार तथा दिगो आयस्रोत नभएको वा अति गरिब तथा न्यून वर्गमा पर्नुपर्नेछ। त्यस्तै विगत आव २०८१/०८२ मा निवेदन दर्ता गरी छनोटमा नपरेका व्यक्तिले पुनः निवेदन दिनुपर्ने अधिकारीको भनाइ छ। म्याग्दे गाउँपालिकाले गत आव २०८१/८२ मा ४८ जना विपन्न जनतालाई घर हस्तान्तरण गरेको थियो। वार्षिक स्वीकृत कार्यक्रम तथा नेपाल सरकारको समपूरक योजनाअन्तर्गत आर्थिक रूपमा विपन्न वर्गलाई नमूना आवास कार्यक्रमअन्तर्गत आवास निर्माण गरी लाभग्राहीलाई हस्तान्तरण गरिएको थियो।

म्याग्देका सात वटै वडाबाट छानिएका अतिविपन्न व्यक्तिलाई उक्त घर हस्तान्तरण गरिएको थियो। घरविहीन वा जोखिमयुक्त घरमा बस्न बाध्य रहेका परिवारलाई लक्षित गर्दै आवास कार्यक्रम सञ्चालन गरिएको अधिकारीको भनाइ छ। गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा घर निर्माण गरी हस्तान्तरण गरिएको जानकारी दिनुभयो। घर पाएका लाभग्राहीले दश वर्षसम्म ती घर बेचबिखन, धितो राख्न वा भाडामा दिन नपाउने व्यवस्था गरिएको छ। आफू निर्वाचित भएपछि पाँच वर्षभित्रमा कम्तीमा ६० वटा घर बनाउँछौँ भन्ने प्रतिबद्धताअनुसार अहिलेसम्म ४८ वटा घर बनेको श्रेष्ठले बताउनुभयो। अध्यक्ष श्रेष्ठले नेपालको संविधानमा आवासको हकलाई नागरिकको मौलिक हकको रूपमा व्यवस्था गरिएको हुँदा नागरिकको सबैभन्दा नजिकको सरकारको रूपमा रहेको गाउँपालिकाले उक्त आवासको हक कार्यान्वयन गरेको बताउनुभयो।

# मुस्ताङमा खोलाले बगाउँदा एक युवा बेपत्ता

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २४ साउन

मुस्ताङमा जङ्गलमा च्याउ टिप्न जाने क्रममा खोलाले बगाउँदा एक युवा बेपत्ता भएका छन्।

बागलुङको जिल्ला निसी खोला गाउँपालिका-६ घर भई हाल मुस्ताङको घरपझोङ-५ फेन्ताङस्थित इको ब्रो कृषि फार्ममा विगत छ महिनादेखि कार्यरत अन्दाजी २३ वर्षीय हिमाल विक शुक्रबारदेखि बेपत्ता भएको जिल्ला प्रहरी कार्यायल मुस्ताङले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी निरीक्षक विकास क्षेत्रीका अनुसार श्रीमतीसहित पाँच जनाको समूह कोभाङ फेदी जङ्गलमा च्याउ टिप्न जाने क्रममा सोही स्थानमा रहेको धुम्बा खोला तर्ने क्रममा अचानक खोलाको पानीको बाहव बढ्न गई निज विकलाई खोलाले बेपत्ता बनाएको हो।

त्यहाँको धुम्बा खोलाले युवालाई बगाउँदा बेपत्ता भएको खबर सोही स्थानमा बस्ने डिल्लीजङ्ग गुरुङले जिल्ला प्रहरी मुस्ताङलाई खबर दिएका थिए।

धुम्बा खोलाले बगाउँदा युवा बेपत्ता भएको प्रहरी कार्यालयमा खबर गरिएलगत्तै मुस्ताङका प्रहरी प्रमुख छिरिङ किप्पा लामाको कमाण्डमा आठ जनाको प्रहरी टोली र सहायक प्रहरी निरीक्षक सुरज श्रेष्ठको कमाण्डमा सात जनाको प्रहरी टोली खटिएर बेपत्ता युवाको खोजतलास कार्य जारी राखेको प्रहरी निरीक्षक विकास क्षेत्रीले जानकारी दिनुभयो।

खोलाले बगाएको उक्त स्थान जिप्रका मुस्ताङबाट करिब सात किमी पश्चिम पूर्वमा पर्ने प्रहरीले जनाएको छ। घटनाबारे थप विस्तृत विवरण आउँन बाँकी रहेको प्रहरीले जनाएको छ।

# जानकीका विद्यार्थीलाई सिटिजन वैकद्धारा खेलकूद पोशाक वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन



जानकी माध्यामिक विद्यालयका विद्यार्थीलाई पोशाक उपलव्ध गराएको छ।

सिटीजन बैक न्यूरोड शाखाले सामाजिक उत्तरदायित्वमार्फत विद्याथलयका ३० जना विद्यार्थीलाई ४२ हजार मूल्य बरावरको खेलकूद पोशाक उपलव्ध गराएको हो। विद्यालयमा आयोजित एक कार्यक्रमका वीच बैकका शाखा प्रमुख पवन काजी खत्री, विद्यालय व्यवस्थापन समिति, तथा शिक्षक अभिभावक संघका पदाधिकारी तथा सदस्यहरुले विद्यार्थीलाई उक्त सामाग्री वितरण गर्नुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य हरिप्रसाद बास्तोला, शिक्षक अभिभावक संघका अध्यक्ष विक्रमबाबु भण्डारी, प्रधानाध्यापक अर्जुन कडेल, शिक्षक तुलसी गिरी लगायतले शिक्षाको महत्व माथि प्रकाश पार्नुभएको थियो। सो अवसरमा विद्यालयको प्रथम त्रैमासिक परिक्षाको परिक्षाफल सार्वजनिक गर्दै प्रमथ, द्धितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कार सहित अविर लगाएर स्वागत गरिएको थियो।

विद्यालयमा ३५० जना विद्यार्थी अध्ययनरत छन्।

# पोखरा ट्रेड मलको १३ औं वार्षिकोत्सवमा 'ग्रान्ड सपिङ फेस्टिभल'

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन




पोखराको ठुलो ट्रेड मल पोखरा ट्रेड मल एन्ड हाउजिङ प्रालिले ग्राहकलाई आकर्षण गर्न ट्रेड मलमा रहेका व्यावसायिक प्रतिष्ठानबाट ५० प्रतिशतसम्म छुट दिने भएको छ।

आफ्नो १३ औं वार्षिकोत्सवको अवसरमा 'ग्रान्ड सपिङ फेस्टिभल' योजना अर्न्तगत १० दिनको लागि (साउन २५ देखि भदौ ४ सम्म) यो योजना सञ्चालन हुने पोखरामा शनिबार आयोजित पत्रकार सम्मेलनमा प्रालिका अध्यक्ष मिनराज काफ्लेले बताउनु भयो।

यस अवधिमा ट्रेड मलमा रहेका व्यावसायिक प्रतिष्ठानबाट ग्राहकले ५० प्रतिशतसम्म छुट पाउने उहाँले जनाउनु भयो। ग्राहकलाई सुविधा दिने उद्देश्यले ग्रान्ड सपिङ फेस्टिभल योजना ल्याएको बताउदै उनले मल भित्र सुन पसल समेत भएकोले न्यूनतम छुट सुन चाँदी पसल बाहेक अन्यमा केही न केही छुट हुने दाबी गर्नुभयो। 'अहिले सर्वसाधारणको आम्दानी पनि कम भइरहेको अवस्थामा राहत महसुस होस् भनेर पनि यो योजना ल्याएका हौं,' अध्यक्ष काफ्लेले भने 'यसले ट्रेड मलमा रहेका व्यवसायलाई पनि केही मात्रामा भरथेग हुनेछ।' उनका अनुसार आगामी १० दिनको अवधिमा ग्राहकले मल भित्रका व्यावसायिक प्रतिष्ठानमा ५ सय र सो भन्दा माथिका दरमा सामान खरिद गर्न पाउनेछन्। मलले फेस्टिभल अवधिमा अधिकतम ५० प्रतिशतसम्म छुटको व्यवस्था मिलाएको हो। दसैं, तिहार लगायत चाडपर्वको अवसरमा भने छुट्टै योजना ल्याउने जानकारी उहाँले जनाउनु भयो। स्थापनादेखि नै मलले हरेक वर्ष साउन २४ गते आफ्नो स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम, सामुदायिक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता, सामुदायिक विद्यालयका गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति वितरण र मलका उत्कृष्ट व्यवसायीलाई सम्मान जस्ता विभिन्न सामुदायिक कार्यक्रमको माध्यमबाट मनाउँदै आएको छ। ०६९ भदौ २४ गते विधिवत रूपमा दर्ता भएको पोखरा ट्रेड मल एन्ड हाउजिङ प्रालि ०७२ असोज २६ गते औपचारिक रूपमा सञ्चालनमा आएको थियो। प्रालिका प्रबन्ध सञ्चालक दीपककुमार मुल्मीले ट्रेड मलले यस क्षेत्रको प्रमुख व्यावसायिक केन्द्रको रूपमा सेवा गरि रहेको बताउनु भयो। 'पोखराका विभिन्न स्थानमा पेसा व्यवसाय गर्ने व्यक्तिहरूको सामूहिक लगानीमा निर्मित यो मल गण्डकी प्रदेशकै गहनाको रूपमा स्थापित भएको छ,' उहाँले भन्नुयभो, 'मानवीय पहिरनका सुन, लत्ताकपडा, जुत्ता, कस्मेटिक, इलेक्ट्रोनिक लगायतका बस्तु खरिद गर्न बजारका विभिन्न स्थानमा भौतारिनुपर्ने अवस्थाको अन्त्य गरेको छ।' मलमा मनोरञ्जन सेवा प्रदान गर्ने २ वटा मल्टिप्लेक्स चलचित्र घर, गुणस्तरीय भोजन प्रदान गर्ने रेस्टुरेन्ट र सौन्दर्यकरणका लागि स्तरीय लेडिज तथा जेन्ट्स हेयर सैलुन, पार्लर जस्ता विविध सुविधा छन्। विदेश पढ्न जाने विद्यार्थीलाई उत्कृष्ट सेवा प्रदान गर्ने ३ वटा ख्यातिप्राप्त शैक्षिक परामर्शदाता कम्पनी छन्।

कोरियाली स्किन केयर अस्पतालले हालै मलमा सेवा सुरु गरिसकेको छ। मलले आवश्यक वस्तु तथा सेवाहरू एकै छानामुनि उपलब्ध गराएर ग्राहकको मन जित्न सफल भएको व्यवसायी नवराज त्रिपाठीले बताउन भयो। उहाँका अनुसार मल व्यवस्थापनले ग्राहकको लागि पर्याप्त आकर्षक र सुरक्षित पार्किङको व्यवस्था गरेको छ। भवन भूकम्प प्रतिरोधात्मक छ र फायरफाइटिङ सिस्टम तथा स्मोक डिटेक्टरले सुसज्जित छ। ग्राहकको सुविधाको लागि बस्ने लबी, शौचालय, आवश्यकता अनुसार एस्कलेटर, लिफ्ट र ऱ्याम्पको व्यवस्था छ।

मलको कुल क्षेत्रफल १ लाख ७१ हजार वर्गफिट छ, जसमध्ये ७८ हजार वर्गफिट सटरका लागि छुट्याइएको छ। मलमा २ सय १० व्यावसायिक प्रतिष्ठानका ५ सय ३ सटर छन्। नयाँ व्यवसाय सुरु गर्न इच्छुक उद्यमीको लागि मलमा हाल ६ सय देखि १ हजार २ सय वर्गफिटसम्मको स्थान उपलब्ध रहेको छ। हाल करिब ४८ वटा सटर नयाँ व्यवसायको लागि खुल्ला रहेको प्रालिले जनाएको छ।

# पहिरोले सुपर न्यादी आयोजनाका एक कामदारको मृत्यु, तीन जना घाइते

**रासस**
लमजुङ, २४ साउन

लमजुङ मर्स्याङ्दी गाउँपालिका-६ मा निर्माणधीन ४० दशमलव २७ मेगावाट क्षमताको सुपर न्यादी जलविद्युत् आयोजनामा कार्यरत एक जना कामदारको आज पहिरोले पुरिएर मृत्यु भएको छ भने तीन जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रमेश बोहोराका अनुसार आज दिउँसो अचानक आएको पहिरोले बैंसीसहर नगरपालिका-८ मा अस्थायी रूपमा बस्ने ४४ वर्षीय लगनध्वज गुरुङको मृत्यु भएको हो।

दोर्दी गाउँपालिका-५ का २१ वर्षीय विराज गुरुङ, मध्यनेपाल नगरपालिका-७ बस्ने ३५ वर्षीय प्रितम लामा र प्यूठान जिल्ला झिम्रुक गाउँपालिका-६ का २५ वर्षीय विकास विष्ट घाइते भएका उहाँले जानकारी दिनुभयो। घाइतेहरूको बैंसीसहर नगरपालिका-८ स्थित प्रदेश अस्पताल लमजुङमा उपचार भइरहेको छ। आयोजनाको काम गरेर क्याम्पमा खाना खाने क्रममा पहिरो आएको जनाउँदै प्रहरी नायब उपरीक्षक बोहोराले भाग्ने क्रममा सो पहिरोमा परी एकको मृत्यु र तीन जना घाइते भएका बताउनुभयो। उहाँका अनुसार सो क्याम्पमा करिब ४० जना कामदार बस्दै आएकामा पहिरो आएपछि भाग्ने क्रममा चार जना पहिरोमा परेका हुन्।

अन्य ३६ जना भने सकुसल रहेको प्रहरीले जनाएको छ। यस घटनाबारे विस्तृत विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ।

# रत्नचोकमा रहेको श्रीकृष्ण प्रणामी मन्दिरमा श्रीमदवीतक जारी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन

पोखराको रत्नचोकमा रहेको श्रीकृष्ण प्रणामी मन्दिरमा जारी एक महिने श्रीमदवीतक चर्चा जारी रहेको छ।

गत असार ३१ देखि जारी रहेको श्रीमदवीतक चर्चामा भक्तजनहरु संगै विभिन्न विशिष्ट ब्याक्तिहरुले समेत सहभागीता जनाउदै आएका छन। श्रीमदवीतकको २६ औं दिन शनिवार गण्डकी प्रदेश सामाजिक बिकास युवा तथा खेलकुद मन्त्रालयका सचिव नवराज ढकाल लगायतका ब्याक्तित्वहरुले समेत सहभागीता जनाए। सो अवसरमा वोल्दै मन्त्रालयका सचिव ढकालले सामाजिक बिकास युवा तथा खेलकुद मन्त्रालयले समाजका गतिविधीहरु संगै विभिन्न धार्मिक संघ संस्था, युवा तथा खेलकुदको क्षेत्रमा काम गर्दै आइरहेको बताए। सामाजिक बिकास मन्त्रालयले युवा र महिला मैत्री कार्यक्रमलाई विशेष जोड दिएको बताउदै समय समयमा मन्त्रालयको वेवसाइट मार्फत कार्यक्रमको जानकारी लिएर लाभ लिन सकिने समेत बताए। श्रीकृष्ण प्रणामी मन्दिरमा यो आर्थिक वर्षमा केही सहयोग रकम छुट्याएको र आगामी दिनमा पनि मन्दिरको बिकासका लागि मन्त्रालयले थप सहयोग गर्ने समेत बताए। प्रणामी मन्दिरमा मात्र नभइ मन्त्रालयले गण्डकी प्रदेश भित्रका विभिन्न धार्मिक स्थल, मठ मन्दिर लगायतको क्षेत्रमा समेत सहयोग गर्दै आइरहेको उनको भनाइ रहेको थियो। त्यस्तै राष्ट्रिय वाणिज्य बैंक गण्डकी प्रदेश प्रमुख पुष्प चन्द्र थापाले बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत श्रीकृष्ण प्रणामी मन्दिरको स्तरोन्नतीका लागि सहयोग प्रदान गर्ने प्रतिवद्धता ब्यक्त गरे। त्यस्तै डा. गोबिन्द प्रसाद तिम्सीनाले श्रीकृष्ण प्रणामी मन्दिरमा आएर श्रीमदवीतक चर्चामा सहभागी हुन पाउदा खुसी लागेको बताउदै आगामी कार्यक्रमहरुमा समेत सहभागी भइ सहयोग गर्ने बताए।

त्यस्तै मन्दिरका संस्थापक पं कमल लामिछानेले आगामी असोज महिनामा श्रीकृष्ण प्रणामी मन्दिरमा आयोजना हुने पञ्चायन पाठका लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताए। त्यस्तै जिल्ला श्रीकृष्ण प्रणामी सेवा समितिका कास्की जिल्ला अध्यक्ष कृष्ण ढुंगानाले श्रीकृष्ण प्रणामी मन्दिरमा आयोजित श्रीमदवीतक चर्चाको समापन संगै १ सय ८ तारतम सागर पाठ पारायणका लागि समेत आफुहरु तयारीमा लागि परेको बताउदै पोखरामा पहिलो पटक आयोजना हुन लागेको तारतम सागर पाठ पारायण कार्यक्रमले पोखरामा धार्मिक पर्यटक भित्र्याउन सहयोग पुग्ने भएकाले त्यसमा सवैको साथ र सहयोग आवश्यक रहने बताए।

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल श्रीकृष्ण प्रणामी मन्दिर पोखराका अध्यक्ष मोहन प्रसाद ढकालले प्रत्येक वर्ष जस्तै यस वर्ष आयोजित श्रीमदवीतक चर्चामा भक्तजनहरुको उपस्थितीकै कारण सफलतातर्फ अगाडी बढेको र यसको लगतै श्रीकृष्ण प्रणामी धर्मको राष्ट्रिय अन्तराष्ट्रिय कार्यक्रम १ सय ८ तारतम सागर पाठ पारायण कार्यक्रममा समेत सम्पूर्णको साथ र सहयोग हुनेमा आफु बिश्वस्त रहेको समेत बताए।

सो अवसरमा समाजसेवी उद्योगपति धार्मिक ब्याक्तित्व रामजी बास्तोला, बाइजुराज महिला समितिका अध्यक्ष विष्णु पराजुली, कोषाध्यक्ष टेकनाथ पराजुली, युवा परिषदका अध्यक्ष तोयानाथ सापकोटा, केन्द्रीय सदस्य पुरुषोत्तम रेग्मी लगायतको उपस्थिती रहेको थियो।

यसैबिच श्रीमदवीतकको २५ औं दिन शुक्रबार कालिका गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक कृष्ण तिमिल्सिनाले समेत सहभागीता जनाएको समितिका सचिव लक्ष्मण बरालले जानकारी दिए। श्रीमदवीतकमा श्रीकृष्ण प्रणामी धर्मका धर्म प्रचारिका साध्वी उर्वशी माताजीको मुखारविन्दु बाट संगीतमय कथा प्रवचन भइरहेको छभने संगीतमय कथा प्रवचनमा गायक तथा बाध्यवाधक सुनिल राइ र अनुपम भुजेलले साथ दिइरहेका छन।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# गाईजात्रा सांस्कृतिक पर्वको शुभकामना

काठमाडौं उपत्यकामा बसोबास गर्ने नेवार समुदायले मनाउने गाईजात्रा अहिले देशका मुख्य शहरहरुमा मनाउने गरिएको छ । कला , संस्कृति को धनी काठमाडौं उपत्यकामा मनाइने सांस्कृतिक पर्व मध्ये गाईजात्रालाई काठमाडौं बाहिर बसोबास गर्ने नेवार समुदायले महत्त्वपूर्ण सांस्कृतिक पर्वको रुपमा मनाउने गरेका छन। काठमाडौं उपत्यका लगायत बनेपा, पनौती, धुलीखेल, पोखरा, तानसेन, बुटवल, गोर्खा, नारायणगढ, धरान, धनकुटा, विराटनगर, भद्रपुर लगायतका शहरहरुमा गाईजात्रा मनाउने गरिन्छ। देशको सुदुर पुर्व देखि सुदूरपश्चिम सम्म नेवार समुदायको बसोबास भएको ठाउँमा गाईजात्रा पर्व मनाउने गरिएको छ। काठमाडौं उपत्यकामा सार्वजनिक बिदा दिने गरिन्छ।

संघीयता पछि बागमती प्रदेश सरकारले गाईजात्राको दिन प्रदेश भरी सार्वजनिक विदा दिएको छ । गाइजात्रा काठमाडौं उपत्यकामा मात्र सिमित नरही देशब्यापी बनेको छ । गाईजात्राले जन्मपछि मृत्यु अवश्य हुन्छ जीवनको अनिवार्य प्रकृया हो भनेर बुझाउने काम गर्दछ । मृतकको फोटो सहितको झाँकी, बाजागाजा, गाई र व्यङ्ग्यात्मक प्रर्दशन गराउने चलन राजा प्रताप मल्लले चलाएका थिए । प्रताप मल्लका नावालक छोराको मृत्यु पछि रानी विक्षिप्त भईन । उनलाई केही गरि सम्झाउन नसकेपछि राजा प्रताप मल्लले एउटा उपाय रचे । त्यस वर्षभरी राज्यमा मृत्यु भएका नागरिकका आफन्तलाई गाई सहित दरवार अगाडि रानीले देख्ने गरि जात्रा निकाल्न आव्हन गरेका थिए । त्यही वेलादेखि गाईजात्रा निकाल्न थालिएको हो ।

गाईजात्रा नेपालको सास्कृतिक पर्वको रुपमा मनाउने गरिएको छ । समाजमा व्याप्त विकृति, विसंगति, कुरीति र कुशासनलाई हास्यव्यङ्ग्यको माध्यमबाट प्रकट गर्ने पर्वको रुपमा गाईजात्रालाई लिने गरिएको छ। देशमा राजनीतिक मुल्य र मान्यता सबै भत्केको वेला सधै गाईजात्रा भएको छ । नेपालका मौलिक संस्कृतिमाथि चौतर्फी आक्रमण भइरहेको बेलामा गाईजात्राको महत्वलाई जोगाई राख्नु संस्कृतिकर्मीहरुले पहल गर्नुपर्ने बेला भएको छ । गाईजात्रामा प्रदर्शन गरिने व्यङ्ग्य, सांस्कृतिक नृत्य तथा झा“कीले यस्को महत्व झल्काउने गर्दछ । हाम्रो शासन व्यवस्था, सामाजिक आर्थिक तथा सा“स्कृतिक क्षेत्रको विकृति एवं विसंगतिलाई बर्षको एक पटक गाईजात्राको बेलामा हास्यव्यङ्ग्य, कार्टुन, झा“की, नृत्य प्रदर्शन गरिन्छ। सजिलै विरोध जनाउन वा चित्त नबुझेको कुरामा टिप्पणी गर्न सधैं नसकिने हुदा“ गाईजात्राको बेला गर्दा सहज हुने गर्दथ्यो । अहिले विभिन्न सञ्चारका माध्यम र सामाजिक संजालबाट विरोध जनाउन सकिने अवस्था छ।

विरोधलाई रचनात्मक वा सृजनात्मक रुपले जनतासामु ल्याउने अवसर भनेकै गाईजात्रा हो । देशको शासन व्यवस्था, राजनैतिक दलका नेता, प्रशासक, न्यायामुर्ति, सुरक्षाकर्मी, उद्योगी, व्यापारी एवं विभिन्न पेशा व्यवसायका अगुवाहरुको बारेमा टिप्पणी गर्ने अवसर नै गाईजात्रा हो । गाईजात्राको माध्यमबाट व्यङ्गकारहरुले आफ्नो प्रतिभा देखाउने, प्रहसन गर्ने, क्यारीकेचर गरेर मनोञ्जन दिन पनि सकिन्छ। नेपालमा अभिव्यक्ति स्वतन्त्रतालाई संविधानले ग्यारेण्टी गरे पनि सरकारले ल्याउने कानुनले नियन्त्रण गर्न खोजिएको छाकेहीले गरेको अराजक गतिविधिलाई निहुँ बनाएर कतिपय स्वतन्त्रतालाई कानुन वनााएर संकुचन वनाउन खोजिएको छ । एक हातले दिएर अर्को हातले खोस्ने काम नहोस भनेर खवरदारी गर्नुपर्ने बेला आएको छ। वर्ष दिनमा एक पटक देशको अवस्थाबारे जनताले बुझ्ने मौका गाईजात्रा हो । तर अहिले गठबन्धन सरकार, राजनैतिक दलका नेता, मन्त्री, राष्ट्रसेवक, प्रशासक, सुरक्षाकर्मी, व्यापारी लगायत विभिन्न पेशाका व्यक्तिहरुले गरेको व्यवहारले बर्षभरी नै गाईजात्रा मनाए जस्तै भएको छ । देशको हरेक क्षेत्रको गतिविधि गाईजात्रे पाराले चल्दै आएको हुदा जनताले परिर्वतनको अनुभुति गर्न पाएका छैनन् । तीनै तहका सरकारबाट जनतालाई सुशासनको अनुभूति दिलाउने चुनौती छ।

सत्ताको खेलमा रमाइरहने नेता र पदको लागि पार्टी, सिद्धान्त, मुल्य मान्यता तिलान्जली दिदा व्यस्थालाई नै काम नलाग्ने होकि भन्ने अवस्थामा नेताहरुले पुर्‍याएका छन । मिलेर बसेकाहरुलाई आपसमा लडाउनेहरु सकृय हुन थालेका छन् । भ्रष्टाचार मौलाएको छ। नेपालको आर्थिक अवस्था कमजोर छ। आर्थिक अवस्था बलियो नभएको बेला कसरी जनतालाई राहत दिने, आर्थिक गतिविधि चलायमान गराउने र सुरक्षाको प्रत्याभूति दिलाउन छोडेर नेताहरु गाली गलौजमा उत्रिएकछन देश र जनताको हितमा एक हुनुपर्ने बेला आपसमा मनमुटाव देखाएर महागाईजात्रा प्रदर्शन गरेका छन् । व्यङ्गकार, कलाकारले देखाउने गाईजात्रा सिंहदरबारदेखि स्थानीय तहसम्म आईपुगेको छ। हरेक क्षेत्र गाईजात्रे तरिकाले चलेकाले नेपालको अवस्थाले देशको पहिचान पनि हराउने हो कि भन्ने आशंका बढेर गएको छ। देशमा व्याप्त अराजकता , भ्रष्टाचार, अत्याचार, भेदभावको अन्त्य गरी सबै जातजातिको संस्कृतिको संरक्षण र संवद्धन गर्न, सुशासन कायम गर्न, भ्रष्टाचारीलाई कारवाही गर्न र न्यायपूर्ण समाज निर्माण हुन सकेमा साँस्कृतिक पर्वको महत्व बढ्नेछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बड्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# अवरुद्ध कालीगण्डकी करिडोर सञ्चालनमा

पोखरापत्र संवाददाता
बागलुङ, २४ साउन

शुक्रबार साँझदेखि अवरुद्ध राष्ट्रिय गौरवको आयोजनाअन्तर्गतको कालीगण्डकी कोरिडोरमा यातायात सञ्चालनमा आएको छ।

बागलुङ नगरपालिका-१२ कालाखोलामा सडकमाथिबाट पहिरो खस्दा शुक्रबार साँझ ७ बजेदेखि पूर्ण रुपमा अवरुद्ध करिडोर शनिबार विहान १० बजेदेखि सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी निरीक्षक केशव थापाले जानकारी दिनुभयो । कोरिडोर अवरुद्ध हुँदा सदरमुकामसँग दक्षिण बागलुङको यातायात बिच्छेद भएको थियो । सडक सञ्चालनमा आएपछि मुस्ताङ जाने पर्यटक गाडी र बागलुङदेखि बुटवल, भैरहवा र सुनौलीलगायतका स्थानमा जाने सवारी साधान पनि गन्तव्यतर्फ लगेको प्रहरी निरीक्षक थापाले बताउनुभयो । उहाँले भन्नुभयो, “रातिनै सडक खुलाउने प्रयास गरेका थियौं, तर भारी वर्षा भइरहेको र पहिरो पनि खसिरहेको हुँदा खुलाउन सकएन, आज विहानैदेखि मेसिन लगाएर सडक खुलेको छ, सडक खुलेपछि अलपत्र सवारी र यात्रु गन्तव्यतर्फ लागेका छन् ।”

# खानेपानी, सिँचाइ र नदी नियन्त्रणका ६९ योजना कार्यान्वयन

पोखरापत्र संवाददाता
म्याग्दी, २४ साउन

खानेपानी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, म्याग्दीले गत आर्थिक वर्ष २०८१/०८२ मा खानेपानी, सिँचाइ, नदी नियन्त्रण र ऊर्जासम्बन्धी ६९ वटा योजना कार्यान्वयन गरेको छ।

कूल रु१३ करोड ९९ लाख आठ हजार बजेट विनियोजन भएकामा रु १३ करोड १९ लाख ९२ हजार खर्च भएको कार्यालयले जनाएको छ । डिभिजन प्रमुख झलकमोहन ओझाले खानेपानी, सिँचाइ, नदी नियन्त्रण र ऊर्जासम्बन्धी प्रदेशका ६७ मध्ये ६४ र सङ्घीय सशर्तका पाँच वटा योजना कार्यान्वयन भएको जानकारी दिनुभयो । छब्बीस वटा स्रोत सुनिश्चितता भएका, २८ वटा क्रमागत र १८ वटा सालबसाली योजना थिए । खानेपानीका १७, सिँचाइ र नदी नियन्त्रणका छ/छ वटा योजना, ऊर्जा र अध्ययन सर्वेक्षणको एक/एक वटा योजना सम्पन्न भएका छन् । डिभिजनले सञ्चालन गरेका खानेपानी योजनाबाट एक हजार २८३ वटा धारा निर्माण भएकामा ९३१ वटा धारामा मिटर जडान गरेर खानेपानी वितरण भएको छ । तीन हजार ११९ मिटर मुख्य, १०६ किलोमिटर शाखा पाइपलाइन, चार हजार ७२ घनमिटर क्षमताका २२ वटा रिजर्भ ट्याङ्की र २७७ वटा अन्य संरचना निर्माण भएको छ।

कार्यालयले सञ्चालन गरेका सिँचाइ आयोजनाबाट ५२ हेक्टर क्षेत्रफल जमिनमा सिँचाइ सुविधा विस्तार र ७० हेक्टरमा स्तरोन्नति भएको छ। छ किलोमिटर पक्की नहर, छ दशमलव ११ किलोमिटर पाइपलाइन विस्तार, पाँच वटा बाँध र ४७ वटा सिँचाइका संरचना निर्माण भएको छ। नदी नियन्त्रण योजनामार्फत बाढी र कटानको जोखिममा रहेका विभिन्न छ वटा योजनामार्फत ४० मिटर पक्की पर्खाल, २५० मिटर ग्याबियन पर्खाल भएको छ। रघुगङ्गा-१ बेगमा बेगमा ३०० थान ग्याबियन पर्खाल निर्माण गरेर पहिरो रोकथाम गरिएको जनाइएको छ । नदी तथा पहिरो नियन्त्रण योजनाबाट ११० घरपरिवार लाभान्वित र २.५ हेक्टर जमिन उकास गरिएको कार्यालय प्रमुख ओझाले बताउनुभयो । यसैगरी ११४ घरमा जडान भएका सौर्य ऊर्जाको मर्मत गरिएको छ।

# दुई जिल्लामा ३१ हजारभन्दा बढी निजी धारा जडान

पोखरापत्र संवाददाता
तनहुँ, २४ साउन

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले तनहुँ र नवलपुर गरी दुई जिल्लामा ३१ हजार ३२८ निजी धारा जडान गरेको छ।

कार्यालयका अनुसार तनहुँमा सत्र हजार ९२७ र नवलपुरमा १३ हजार चार सय एक वटा धारा जडान गरेको हो । जिल्लामा हालसम्म ९२ प्रतिशतभन्दा बढी नागरिकमा शुद्ध खानेपानीको पहुँच पुर्‍याइएको डिभिजन कार्यालयकी इञ्जिनियर बिनु लोहनीले जानकारी दिनुभयो । उहाँका अनुसार आर्थिक वर्षमा २०८१/८२ मा चार हजार ६३४ नयाँ धारा जडान गरिएका छन् ।

लोहनीले भन्नुभयो,“आर्थिक वर्ष २०८२/८३ मा छ हजार ५०० नयाँ धारा जडान गर्ने लक्ष्य राखिएको छ। शतप्रतिशत घरमा खानेपानी सेवा पुर्‍याउने लक्ष्यसहित कार्यालयले काम गरिरहेको छ।”

उहाँका अनुसार सङ्घीय सरकारबाट ससर्त अनुदानमा रु २८ करोड र प्रादेशिक खानेपानी आयोजनातर्फ रु ३५ करोड ८० लाख बजेट खर्च गरिउको बताउनुभयो। यसैगरी पुँजीगततर्फ सङ्घ विशेष अनुदानतर्फ रु ४४ करोड २० लाख बजेट विनियोजन भएको इञ्जिनियर लोहनीले जानकारी दिनुभयो।

# धार्मिक पर्यटनको सम्भावना बोकेको जलजला

पोखरापत्र संवाददाता
म्याग्दी, २४ साउन



धार्मिक र पर्यटकीय हिसाबले प्रशस्त सम्भावना बोकेको म्याग्दी, पर्वत र कास्कीको सिमानामा रहेको जलजला क्षेत्र ओझेलमा परेको छ।

पर्वतको जलजला, मोदी गाउँपालिका र म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा फैलिएको जलजलालाई हिन्दू धर्मग्रन्थमा हम्पाल, कालञ्जर, मृगस्थलीका रूपमा ब्याख्या गरिएको छ । पूर्वाधार र प्रचारप्रसारको कमीले जलजला ओझेलमा परेको हो । हिन्दू धर्मग्रन्थ अग्नि, गरुड, कूर्म, वाराह, स्कन्द, शिवमहा, पद्म, बृहन्नारदीय, लिङ्ग, मत्स्य, महाभारत र श्रीमद्भागवतमा हम्पाल र कालञ्जरको प्रसङ्ग उल्लेख भएको कालीगण्डकी क्षेत्रको संस्कृति र सम्पदाको अध्यता प्रा डा जगन्नाथ रेग्मीले बताउनुभयो । “पौराणिक वाङ्मयले मुक्तकण्ठले प्रशंसा गरेको कालञ्जरको मुख्य केन्द्र विकासका दृष्टिले अझै पनि पछाडि पर्नुमा प्रचारप्रसारको अभाव, दुर्गम भौगोलिक अवस्थिति, सडक यातायातको असहजता, मानव बस्तीदेखि टाढा रहनु, प्राकृतिक, भौगोलिक एवं पौराणिक पहिचानका अभिलेख र स्रोतबाहेक कुनै लिखित दस्तावेज नपाइनुलगायत कारण देखिएका छन्”, उहाँले भन्नुभयो, “यहाँका कतिपय प्राचीन मन्दिर, सत्तल गुफा र ओढारहरू संरक्षणको अभावमा नामशेष हुन लागेका छन् ।” प्रा डा रेग्मीका अनुसार धार्मिकग्रन्थमा जलजला क्षेत्रलाई ऋषिमुनिहरूले तपस्या गरेर ज्ञान आर्जन गरेको र यहाँको जडीबुटी औषधिका रूपमा प्रयोग गरेको उल्लेख छ । यस क्षेत्रको भ्रमण गरेमा पुण्य मिल्ने, तपस्या गर्दा सिद्धी प्राप्ति हुने र पिण्डदान गर्नाले पितृहरूले सद्गति प्राप्त गर्ने धार्मिकग्रन्थहरूमा बताइएको छ । जलजलामा रेष्टुरेन्ट सञ्चालन गर्दै आएका मोदी गाउँपालिका-४ लेसपारका टीका पुनले जलजलाको सौन्दर्य र धार्मिक महत्व स्थानीयस्तरमै सीमित हुँदा पर्यटक तथा भक्तजनको आगमन हुन नसकेको बताउनुभयो । “शरद र वसन्तयाममा फाट्टफुट्ट पदयात्री तथा महायज्ञ सञ्चालन भएको समयमा भक्तजनहरू आउनुहुन्छ”, उहाँले भन्नुभयो, “अन्य समयमा जलजला सुनसान हुन्छ।” समुद्री सतहबाट तीन हजार ३०० मिटर उचाइमा पहाडका टाकुरामा अवस्थित जलजलाको खोचमा सिम छ । खोचको पृष्ठभूमिमा अन्नपूर्ण हिमाल देखिन्छ । दुई दशकअघिसम्म जलजला र मोदी गाउँपालिकाका बासिन्दाले यहाँ बर्खामा गाईभैँसीको गोठ लैजाने गर्दथे । पछिल्लो समय गोठ लैजाने चलन हराएको छ । जलजलाबाट १० मिनेट उकालो पैदलयात्रा गरेपछि पुगिने वाइफाई डाँडाबाट अन्नपूर्ण र ३० मिनेटको पदयात्रामा पुगिने माटेको लेकबाट धवलागिरि, अन्नपूर्ण र माछापुच्छे हिमाल अवलोकन गर्न सकिन्छ। हिमशृङ्खलाका साथै पर्वत, कास्की, बागलुङ र म्याग्दीको ग्रामीण बस्ती तथा पहाडहरूको मनमोहक दृश्यावलोकन गर्दा यात्राको थकान मेटिने कुश्माबाट जलजला घुम्न आउनुभएका गोविन्द शर्माले बताउनुभयो । बोझो, सतुवा, चिराइतो, अमिली, ब्राह्मी (भोलटाप्रे), पाषणभेद, जेठीमधु, पदमचाल्नु, निरमसी, जटामसी, टिम्मुर, सिल्टिम्मुरलगायत जडीबुटी पाइने जलजला जैविक विविधतायुक्त स्थल हो । यहाँको पाखामा मृगको बथान भेटिन्छन् । डाँफे, मुनाल, कालिज, च्याखुरा, गिद्ध, लुइचे, हुकेचरा, दुम्सी, लाटोकोसेरो आदि पन्छी अवलोकन गर्न पाइन्छ। म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको घोडेपानी, पुनहिल, मोहरेडाँडा, नागी र पर्वतको मोदी गाउँपालिकातर्फबाट जलजलालाई पदमार्गले जोडिएको छ। पर्वतको जलजला गाउँपालिकाको लेकफाँट, शालिजातर्फबाट जलजलासम्म कच्ची सडक पुगेको गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले बताउनुभयो। “विद्युत् सुविधा पुर्‍याइएको जलजलाको धार्मिक महत्वको उजागर गराउन महायज्ञ सञ्चालन भएको छ”, उहाँले भन्नुभयो, “सङ्घीय सरकारले जलजलाको पर्यटन पूर्वाधारका लागि रु तीन करोड बजेटको योजना कार्यान्वयनको तयारी गरेको छ ।” बेनीबाट लेकफाँटसम्मको सडक हालै कालोपत्र भएको छ। लेकफाँटबाट शालिजा हुँदै जलजला जोड्ने सडक स्तरोन्नतिका लागि सङ्घीय र प्रदेश सरकारसँग माग गरेको गाउँपालिकाका उपाध्यक्ष आचार्यले बताउनुभयो।

प्रदेश सरकारले माटेको लेकबाट जलजला जोड्ने पदमार्ग र वाइफाइ डाँडामा आश्रयस्थल बनाएको छ । जलजला गाउँपालिकाले हम्पालमा ऋषि र भक्तजनहरूको सुविधाका लागि आश्रयस्थल बनाएको छ।

जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले मुस्ताङ र मुक्तिनाथ आवतजावत गर्ने तीर्थयात्रीलाई जलजलामा भित्र्याउने लक्ष्यसहित धाइरिङको भूमेथानमा पूर्वाधार निर्माण थालिएको, गौशाला सञ्चालन गरिएको र त्यहाँदेखि जलजला, फलामेडाँडा, मल्लाज, राममन्दिरलाई समेटेर धार्मिक करिडोरको अवधारणा अघि सारिएको बताउनुभयो।

सडकका कारण छोटिएको अन्नपूर्ण पदमार्गको भ्रमणमा आउने पर्यटकको बसाइ लम्ब्याउन घोडेपानी-मोहरेडाँडा-जलजला-माटे- मोदी र बनौ-कुश्मा जोड्ने पदमार्गमा पूर्वाधार निर्माण तथा प्रवर्द्धनमा जोड दिएको अध्यक्ष आचार्यले बताउनुभयो।

# एक वर्षमा तीन हजार धारा जडान

पोखरापत्र संवाददाता
स्याङ्जा, २४ साउन

आर्थिक वर्ष २०८१/०८२ को एक वर्षको अवधिमा तीन हजार भन्दा बढि पानीको धारा जडान गरिएको छ । खोनपानी तथा सरसफाई डिभिजन कार्यालय स्याङ्जाले एक वर्षको अवधिमा तीन हजार भन्दा बढि पानीको धारा जडान गरेको हो।

कार्यालयले स्याङ्जामा एक हजार ५८६ र कास्कीमा एक हजार ६७५ गरी तीन हजार २६१ पानीको धारा जडान गरेको जनाएको छ। समूहगत र एकल गरी स्याङ्जा र कास्कीमा संचालित तीन सय ७७ योजना मध्ये गएको वर्ष सम्पन्न ३० योजना अन्र्तगत उक्त धाराहरु जडान गरिएको छ।

गतवर्ष ४३ करोड ८६ लाख बजेटबाट तीन सय ७७ योजनाहरु निर्माण गरिएको कार्यालय प्रमुख हरिप्रसाद तिमिल्सिनाले बताए । ‘तीन सय ७७ मध्ये ३० वटा योजना पूर्ण रुपमा संचालनमा आएका छन् ।’ उनले भने, ‘स्याङ्जाका झण्डै दुई सय र कास्कीका १४५ गरी करिब तीन सय ४७ क्रमागत योजनाहरु आउँदो वर्षहरुमा सम्पन्न हुँदै जान्छन् ।’ यस अवधिमा कार्यालयले स्याङ्जाको ठूलो २६० परिवार लाभान्वित हुने चापाकोट नगरपालिका-८ को छरछरे र कास्की ठूलो ७६६ परिवार लाभान्वित हुने पोखरा महानगरपालिका-२४ को लौरुक खोला फिल्टर ट्र्यांकी तीन स्टेपको लिफि्टङ्ग खानेपानी योजना सम्पन्न गरेको जनाएको छ। आर्थिक वर्ष २०७५/०७६ देखि जिल्लामा झण्डै ३२ हजार पानीका धारा जडान गरिएको सरसफाई डिभिजन कार्यालयका सूचना अधिकारी कमल बरालले बताए। गण्डकी प्रदेश सरकारको ‘एक घर, एक धारा’ अभियानपछि ६ वर्षको अन्तरालमा ३१ हजार ७ सय ५८ पानीका धारा जडान गर्दा झण्डै १६ हजार घरपरिवार लाभान्वित भएको उनले बताए।

प्रदेश तर्फका बहुवर्षिय योजनाहरु रकम अभावमा वर्षौदेखि निर्माणाधिन छन् । क्रमागत तर्फका योजनालाई १० लाख र नयाँलाई २० लाख बजेट दिने गरिएको छ।

मन्त्रालयले सम्पन्न गराउनुको सट्टा वर्षेनी योजना थप्दा योजना फरफारकमा समस्या भएको कार्यालयले जनाएको छ । त्यसैबीच कार्यालयले गएको वर्ष लिफि्टङ् खानेपानी योजनालाई एक करोड ३३ लाख ६४ हजार ६५६ रुपैयाँ विद्युत महशुल अनुदान दिएको छ। स्याङ्जाका १ सय ३३ योजनालाई ८६ लाख ७८ हजार ८४ र कास्कीका ३६ योजनालाई ४६ लाख ८६ हजार ५७२ रुपैयाँ अनुदान दिएको छ। महशुलमा अनुदान दिने कार्यक्रम अन्र्तगत १६९ योजनाले अनुदान पाएका थिए।

# सिकार आरक्ष ढोरपाटनमा घोडा सफारी

पोखरापत्र संवाददाता
बागलुङ, २४ साउन



नेपालकै एक मात्र सिकार आरक्ष क्षेत्र ढोरपाटन उपत्यकामा घोडा सफारी व्यवसाय फष्टाउँदो छ । घोडापालन गर्दै आएका स्थानीयको दैनिकी अहिले पर्यटकलाई घोडामा घुमाउनै ठिक्क छ ।

ढोरपाटनमा पछिल्लो समय पर्यटकको चाप बढेपछि घोडा व्यवसायी दङ्ग छन् । ढोरपाटन उपत्यकामा फुलेका अनेकथरी फुलमा घोडा दौडाउने, भिडियो खिच्ने, फोटो खिच्ने र टिकटक बनाउने पर्यटकको सङ्ख्या बढेपछि घोडा व्यवसायीको आम्दानी बढेको छ ।

घोडा पालेरै घर खर्च धान्दै आउनुभएका ढोरपाटन नगरपालिका-९ निवासी अनिस विकले पर्यटक बढेपछि दिनमै रु तीन हजारभन्दा माथि आम्दानी गर्दै आएको बताउनुभयो । “पहिले त मुस्किलले दिनमा रु एक हजार हुन्थ्यो, अहिले रु तीन हजारसम्म आम्दानी भइरहेको छ, ढोरपाटनमा फुलेका बुकी फुलमा घोडा चढ्ने बढेका छन् ।”

उहाँका अनुसार ढोरपाटनमा पछिल्लो समय पर्यटक उल्लेख्य रुपमा बढेका छन् । “ढोरपाटनमा आएका पर्यटकहरु घोडा नचढ्ने कुरै हुँदैन, घोडा चढेको फोटो र टिकटक मैले नै खिचिदन्छु, पर्यटकहरु खुसी भए अझ धेरै रकम खन्छिन्”, विकले भन्नुभयो, “एक पटक घोडामा चढेर फोटो तथा भिडियो बनाएको दुई सय लिन्छु, ढोर बराही दर्शन गरेको रु पाँच सय र बुकी पुगेको तीन हजारसम्म लिने गरेको छु, सबैभन्दा बढी पर्यटक घोडा चढेर ढोरपाटन उपत्यकाको फूलमा फोटो तथा भिडियो बनाउन रुचाउँछन् ।” घोडाको खानपान घटाउदा घर खर्च गरेर एक/दुई हजार दैनिक बचत हुने गरेको छ । यहाँका स्थानीयले घारवास र घोडा सफारीबाट मुख्य आम्दानी लिने गरेका छन् । वर्खायाम भए पनि यहाँको बुकी फूल हेर्न कै लागि बुटवल, काठमाडौँ, पोखरा, बागलुङ बजारसहितका छिमेकी पालिकाहरुबाट ढोरपाटनमा पर्यटक आउने गरेका छन् । असारदेखि भदौसम्म यस क्षेत्रमा विभिन्न प्रजातिका वनफूल अर्थात् बुकी फूल फुल्ने गर्छन । मङ्सिर-पुसमा बाक्लो हिमपात हुने हुँदा कतिपय पर्यटक हिउँ खेल्नकै लागि आउँछन् । यहाँ आउने पर्यटक घोडा नचडी फर्किएको पाइँदैन । पर्यटकहरू घोडा चढेरै बुकी पाटनसम्म जाने गर्दा घोडाधनीहरु उत्साहित रहेका छन् । घोडापालनमा भने चुनौती रहेपछि पछिल्लो समय आम्दानी बढेको घोडाधनी मैतराम विकको भनाइ छ । दुई घोडा पाल्नु भएका मैतरामको घर खर्च चलाउने माध्यम घोडा नै हो । उहाँले बुकीपाटनमा पर्यटकका सामग्री पुर्‍याउन आफ्ना घोडा प्रयोग गर्दै आएको बताउनुभयो । “हिमपात हुने तीन महिना घोडालाई दाना खुवाएर पाल्नुपर्दछ, अघिपछि पर्यटकहरु आउनुहुन्छ, हिमपातमा घोडा हिडाउन मिल्दैन, घरमै पाल्दा कठिन हुन्छ, अहिले घोडामै पर्यटकलाई बुकीपाटन लैजाने व्यवस्था मिलाइएको छ, ढोरपाटन उपत्यकाबाट बुकी पुर्‍याएको रु तीन हजारदेखि रु चार हजारसम्म दिन्छन्”, विकले भन्नुभयो ।

वर्खायाम भए पनि ढोरपाटन क्षेत्रमा पर्यटकको आगमन बढ्दै गएकाले घरवास र घोडा सफारी व्यवसाय फष्टाउँदै आएको स्थानीय घरवास सञ्चालक रामबहादुर घर्तीले जानकारी दिनुभयो । सिकार आरक्ष क्षेत्रमा गत आर्थिक वर्षमा २३ हजार पर्यटक भित्रिएका थिए । जुन अघिल्लो आर्थिक वर्षको तुलनामा हजारले बढी हो ।

# पर्वतका ३१ विद्यालय विद्यार्थीविहीन, रित्ता विद्यालय रुँदै शिक्षक

रासस
पर्वत, २४ साउन




बढ्दो बसाइँसराइ र गुणस्तरीय शिक्षाको खोजीमा गाउँहरू रित्तिदै जाँदा पर्वतमा ३१ वटा सामुदायिक विद्यालयमा विद्यार्थीविहीन भएका छन् ।

जिल्लाका सातवटै पालिकामा रहेका ३१ सामुदायिक विद्यालय विद्यार्थीविहीन बनेका हुन् । शून्य विद्यार्थी हुने अधिकांश विद्यालय आधारभूत र प्राथमिक तहका रहेका छन् । लामो समयदेखि विद्यार्थी सङ्ख्या शून्य भइसक्दा पनि विद्यालयहरू समायोजन गर्ने प्रक्रिया समेत थालिएको छैन ।

जिल्लाका सात स्थानीय तहमा २७२ सामुदायिक विद्यालय रहेका छन् । विद्यार्थी शून्य हुनेमा एक माध्यमिक तहको विद्यालय समेत रहेको छ । जिल्ला शिक्षा समन्वय एकाइ पर्वतले दिएको जानकारीअनुसार विहादी गाउँ पालिकामा दुई सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या शून्य रहेको छ । मोदी गाउँपालिकामा नौ विद्यालयमा विद्यार्थी सङ्ख्या शून्य भएको छ । यसैगरी फलेवास नगर पालिकामा छ वटा सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या शून्य पुगेको हो भने कुश्मा नगर पालिकामा विद्यार्थी सङ्ख्या शून्य भएका आठ सामुदायिक विद्यालय रहेका एकाइले जानकारी दिएको छ ।

यस्तै जलजला गाउँ पालिकामा चार सामुदायिक विद्यालयमा विद्यार्थी शून्य रहेका छन्भने दक्षिण पर्वतको पैयूँ गाउँपालिकाका दुई सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या शून्य रहेको जिल्ला शिक्षा समन्वय एकाइ पर्वतका प्रमुख मतिलाल चपाईले जानकारी दिनुभयो । उहाँका अनुसार फलेवास नगरपालिका-५ मा रहेको ध्रुवनमुना माध्यमिक विद्यालयसहित ३१ सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या शून्य रहेको भए पनि स्थानीय तहहरूले समायोजन गर्ने वा शिक्षकलाई विद्यार्थी भएको विद्यालयमा खटाउे काम नगरेको बताउनुभयो ।

शून्य विद्यार्थी सङ्ख्या हुँदा पनि सञ्चालनमै रहने विद्यालयहरूमा कुश्मा नगरपालिकाभित्रकमा हर्राचौर प्रावि, जनजागृति प्रावि, जनकल्याण प्रावि, मराङसिंह प्रावि, सहिद शुक्र प्रावि ठुलीपोखरी, धौलागिरि प्रावि, जनता प्रावि रहेका छन् । जलजला गाउँ पालिकामा शून्य विद्यार्थी हुने विद्यालयहरूमा जनचेतना प्रावि शालिजा, सर्वोदय आधारभूत विद्यालय शालिजा, स्वस्वती आधारभूत विद्यालय धाइरीड रहेका हुन् ।

यसैगरी फलेवास नगर पालिकामा शून्य विद्यार्थी हुनेमा श्री वाल प्रावि, ध्रुव नमूना मावि, सूर्योदय प्रावि, जनता प्रावि लिमिठाना, तीनधारे प्रावि, मनकामना प्रावि, बेतेयानी प्रावि, देउराली प्रावि र भवानी प्रावि रहेका छन् । यसैगरी दक्षिण पर्वतको पैंयू गाउँपालिकामा शून्य विद्यार्थी हुनेमा वालनयन प्रावि, बालज्योति प्रावि हुन् । मोदी गाउँ पालिकामा शून्य विद्यार्थी हुनेमा सिद्ध आधारभूत विद्यालय, कृष्ण आधारभूत विद्यालय, जनप्रकाश आधारभूत विद्यालय, हरि आधारभूत विद्यालय, सरस्वती आधारभूत विद्यालय, बालकल्याण प्राथमिक विद्यालय, भूमे आधारभूत विद्यालय, लक्ष्मी आधारभूत विद्यालय, दुर्गाभवानी आधारभूत विद्यालय र सिद्धबराह आधारभूत विद्यालय रहेका छन् । यता विहादी गाउँपालिकामा, जनसेवा प्रावि वहाकीठाँटी र बालज्योति प्रावि रानीपानीमा विद्यार्थी सङ्ख्या शून्य रहेको जिल्ला शिक्षा समन्वय एकाइ पर्वतले जनाएको छ । यसरी विद्यार्थी नै नभएका विद्यालयको सङ्ख्या ३१ पुगिसक्दा पनि पर्वतका स्थानीय सरकारहरूले विद्यालय समायोजन गराउन कुनै चासो नदिएको फलेवासका स्थानीय धर्म पौडेलले बताउनुभयो ।

शिक्षकहरूलाई विद्यार्थी नै नभएका विद्यालयमा राखेर तलब सुविधा दिलाउने गरिएको छ । राज्यको बजेटको दुरूपयोग हुने भए पनि बाध्यतामा परेर शिक्षकहरू राख्नुपरेको फलेवास नगरपालिका-२ थापाठानाका वडाध्यक्ष गङ्गानारायण श्रेष्ठले बताउनुभयो । अहिले विद्यार्थी नभए पनि आगामी दिनमा विद्यार्थी आउन सक्ने भन्दै विद्यालयलाई समायोजना नगरिएको बुझिएको उहाँको भनाइ छ ।

शिक्षकहरूलाई सरुवा गर्नुको सट्टा रित्ता विद्यालय रुंगाएर जनप्रतिनिधिले राजनीतिक संरक्षण गरिरहेको पाइएको छ । करार, राहत शिक्षक र कार्यलय सहयोगीको रोजगारी जाने भएका कारण पनि कतिपय विद्यालय समायोजन नगरिएको कतिपय जनप्रतिनिधिले नै बताउने गरेका छन् ।

# स्याङ्जामा कृषिमा लगानी बृद्धि हुँदै

पोखरापत्र संवाददाता
पोखरा, २४ साउन



स्याङ्जाका फलफूल तथा पशुपालक कृषकले ५० प्रतिशत अनुदान शिर्षकमा तीन करोड बढि मुल्य बराबरको रकम तथा सामग्री हात पारेका छन् । आर्थिक वर्ष २०८१/०८२ मा सुन्तला, आँप-लिची, अदुवा-बेसार र पशुपालक कृषकहरुले तीन करोड ३४ लाख ५३ हजार मुल्य बराबरको अनुदान हात पारेका हुन् ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम स्याङ्जामा आबद्ध कृषकले उक्त अनुदान पाएको हुन् । सुन्तला, आँप-लिची, कफी र अदुवा-बेसार उत्पादक, गाई भैसीपालन गर्ने कृषक, साना सिँचाई निर्माण र उद्यमशिलता परियोजनामा आबद्ध भएका कृषकहरुले उत्पादन बृद्धि र क्षेत्र विस्तारमा अनुदान रकम र उक्त मुल्य बराबरको सामग्री पाएको कार्यक्रम प्रमुख अजय अधिकारीले जानकारी दिए । जिल्लामा संचालित कार्यक्रमले सुन्तला खेतीतर्फ एक करोड २ लाख ५४ हजार, साना सिँचाईमा ९१ लाख ९ हजार नगद सहित सामग्री दिएको छ । गाई भैसीपालनमा ६४ लाख ७६ हजार, उद्यमशिलतमा ३१ लाख ५३ हजार दिएको कार्यक्रमले चैतेधान खेतीमा १६ लाख २२ हजार, आँप-लिची जोनतर्फ १२ लाख ७९ हजार, कफी खेतीमा ८ लाख ५० हजार र अदुवा-बेसार खेतीतर्फ ६ लाख २९ हजार गरी ५० प्रतिशत अनुदानमा तीन करोड ३४ लाख ५३ हजारको अनुदानका सामग्री दिएको छ । सुन्तला खेतीमा जिल्लाका तीन सय ८५ सहकारी तथा कृषकले क्षेत्र विस्तारतर्फ ५५ लाख ५० हजार पाएको कार्यक्रमका कृषि अधिकृत प्रतिभा बुढाथोकीले बताईन् । उनका अनुसार मेशिनरी औजार र उपकरणमा १३ लाख ७ हजार पाएका कृषकले बगैंचा सुधारमा १८ लाख १७ हजार पाएका छन् । क्षेत्रगत किरा नियन्त्रणतर्फ १५ लाख ८० हजार मुल्य बराबर सामग्री दिएको उनले बताईन् ।

साना सिँचाई निर्माण र मर्मततर्फ सुन्तला, आँप-लिची, अदुवा-बेसार र कफी कृषकले ७१ लाख ३६ हजार र चैतेधान सिँचाईमा १९ लाख ७३ हजार अनुदान दिएको कार्यक्रमले चैतेधान कार्यक्रममा कृषि औजार र मेशिनरी उपकरणतर्फ १६ लाख २२ हजार मुल्य बराबरको सामग्री दिएको छ । गाई भैसीपालन गरेका १६ सहकारी, ९ समूह सहित ९७ कृषकलाई गोठ सुधारमा १४ लाख ६७ हजार र दूध प्रशोधन सामग्रीमा ६ लाख ९ हजार दिएको कार्यक्रमले पशु नश्ल सुधारतर्फ ४४ लाख दिएको छ । जिल्लाको चापाकोट, वालिङ, गल्याङ र भीरकोटका सबै वडा तथा पुतलीबजार र फेदीखोलाका केहि वडामा भैसी जोन कार्यक्रम संचालनमा छ । कफी खेतीतर्फ क्षेत्र विस्तारमा ६ लाख ९४ हजार र कफी संकलन, प्रशोधनमा एक लाख ५६ हजार दिएको कार्यक्रमले उद्यमशिलता लागत सहभागितामा ३१ लाख ५३ हजार नगद दिएको छ । कार्यक्रमले अदुवा-बेसारतर्फ उत्पादन र सुधारमा ६ लाख २९ हजार दिएको छ भने आँप-लिचीतर्फ क्षेत्र विस्तारमा ९ लाख ९५ हजार र बगैंचा सुधारमा दुई लाख ८४ हजार दिएको जनाएको छ । उद्यमशिलता तर्फ अकबरे खुर्सानीमा वालिङ्ग १२ का एक, गडौला मल उत्पादक कृषकमा पुतलीबजार १४ का एक, मौरी पालनमा आँधीखोला ४ र पुतलीबजार ११ का दुई कृषक लाभान्वित भएको कार्यक्रमले जनाएको छ । कार्यक्रमका अनुसार प्लाष्टिक टनेल तरकारी खेतीमा फेदीखोला ४ तथा वालिङ ५ का दुई र भौसीपालनमा बिरुवाका एक कृषक ५० प्रतशित अनुदानबाट लाभान्वित भएका छन् ।

सरकारी संयन्त्रबाट सहयोग र बैंक तथा वित्तीय संस्थाबाट सहुलियत कर्जा नपाएर निराश भएका कृषकले नगद र उपकरण पाउँदा उत्साह थपिएको चापाकोटका आँप-लिची तथा पशुपालक विश्वास पुरीले बताए । ५० प्रतिशत अनुदानमा पशुपालन र फलफूल खेतीमा उपयोग हुने उपकरणसँगै नगद पाउँदा कृषक उत्साहित भएको पुरीले बताए ।

# म्याग्देको माझिलाङमा सामूहिक कोदोखेती

पोखरापत्र संवाददाता
दमौली, २४ साउन



तनहुँको म्याग्दे गाउँपालिका-७ माझिलाङलाई कोदोको पकेट क्षेत्रको रूपमा विकास गर्न लागिएको छ । यसका लागि गाउँपालिकाले कृषकलाई कोदो खेतीमा आकर्षित गराउन विभिन्न नीति अगाडि सारेको छ ।

यहाँस्थित दुई रोपनी जग्गामा कोदोको बीउ राखिएको वडाध्यक्ष बसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो । यसअगाडि यस ठाउँमा कृषकले एक्लाएक्लै रूपमा कोदो रोप्ने गरेपनि यसपटकदेखि भने सामूहिक रूपमा कोदो खेतीलाई अगाडि बढाइएको उहाँको भनाइ छ । उहाँका अनुसार यहाँ गाउँपालिकाको सहयोगमा आठ प्रजातिका रैथाने कोदोको बीउ रोपिएको छ । उहाँले भन्नुभयो, “पहिला पनि यहाँ मकै र कोदो खेती हुन्थ्यो, तर अहिले कृषकलाई सङ्गिठत रूपमा कोदो खेतीमा आकर्षित गर्न खोजेका हौँ ।” माझिलाङ र हर्षपुरमा कोदो खेती हुने गरेको छ । म्याग्देका अन्य वडामा भन्दा यस क्षेत्रमा कोदो राम्रो उत्पादन हुने गरेको छ । यहाँका कृषकलाई आवश्यक उपकरण पनि प्रदान गरिएको छ । बजारमा कोदोको राम्रो माग रहेको जनाउँदै उहाँले भन्नुभयो, “पहिला पहिला कोदो लुकेर खाने प्रचलन थियो, आजभोलि परिस्थिति फेरिएको छ, हुने खानेले पनि कोदोको प्रयोग गर्ने अवस्था बढेको छ ।” माझिलाङ कृषक समूहका अध्यक्ष श्याममाया नाम्जाली दुई रोपनी जग्गा भाडामा लिएर सामूहिक रूपमा कोदो रोपिएको जानकारी दिनुभयो । उहाँका अनुसार विगतमा छुट्टाछुट्टै रूपमा कोदो खेती गर्ने गरिएको थियो ।

म्याग्दे गाउँपालिकाकाले कोदो खेतीलाई प्राथमिकतामा राखेको जनाउँदै अन्य वडामा पनि यसलाई विस्तार गरिने स्पष्ट पारेको छ । कम लागतमा उत्पादन गर्न सकिने र भण्डारणमा अन्य बालीको तुलनामा कम क्षति हुने भएकाले यसको खेतीमा फाइदा रहेको जनाइएको छ ।

# विपद्मा परी हालसम्म १३१ को मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, २४ साउन

बाढी, पहिरोलगायतका विपद्मा परी सोमबार दिउँसोसम्म मुलुकभर एक सय ३१ जनाको मृत्यु भएको छ ।

विपद्मा परी काठमाडौँ उपत्यकामा दुई जना, कोशीमा २२, मधेसमा पाँच, बागमतीमा २५, गण्डकीमा ३८, लुम्बिनीमा २३, कर्णालीमा सात र सुदूरपश्चिम प्रदेशमा नौ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । विपद्मा परी एक सय ४४ जना घाइते भएका छन् । घाइतेको स्थानीय अस्पतालमा उपचार भइरहेको छ ।

कोसीमा ४९, गण्डकीमा १२ र सुदूरपश्चिममा प्रदेशमा पाँचगरी जम्मा ६६ जनाको उद्धार गरिएको छ । बाढी पहिरामा परी कोसी र बागमतीमा दुईदुई तथा मधेस, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा एकरएकगरी नौ जना बेपत्ता भएका छन् । बेपत्ताको खोजीकार्य जारी छ ।

# रोधीं क्लब घान्द्रुकको अध्यक्षमा लक्षिण गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, २४ साउन



कास्कीको अन्नपूर्ण गाउँपालिका-१० र ११ घान्द्रुकस्थित रोधी क्लब घान्द्रुकको अध्यक्षमा लक्षिण गुरुङ सर्वसम्मत चयन भएका छन् ।

शनिबार सम्पन्न भएको रोधीं क्लबको १७ औं साधारण सभा तथा चौथो अधिवेशनबाट लक्षिण गुरुङका अध्यक्षतामा ११ सदस्य कार्यसमिति चयन गरेको हो । क्लबको वरिष्ठ उपाध्यक्षमा अमृत गुरुङ लामा, उपाध्यक्षमा रुक्सा गुरुङ (मिना), सचिवमा अर्जुन क्षेत्री, सहसचिवमा गोकुल पौडेल र कोषाध्यक्षमा सन्तोष क्षेत्री चयन भए । यस्तै क्लबको सदस्यहरुमा कृष्ण बहादुर गुरुङ, ईश्वर गुरुङ, कृष्णा सुनार, मनबहादुर क्षेत्री चयन भए । नवनिर्वाचित अध्यक्ष लक्षिण गुरुङले घान्द्रुकको विकास, खेलकुद, शिक्षा, पर्यटनसँगै संस्कृति संरक्षणमा विशेष ध्यान दिने बताए । ‘घान्द्रुकको विकासमा जनप्रतिनिधि र क्लबले सहकार्य गर्दै अगाडि बढ्ने छौं, नवनिर्वाचित अध्यक्ष गुरुङले भने, ‘कल्चर र नेचरमा धनी घान्द्रुकको विकाससँगै खेलकुद, शिक्षा, पर्यटनसँगै संस्कृति संरक्षणमा विशृष ध्यान दिने गरी काम गर्छौं ।’